## जवाफदेहीता र अन्तराष्ट्रिय फौजदारी अदालत

## नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका अफिसर इन्चार्ज डेभिड जोन्सनले दिनुभएको सम्बोधन भाषण

## ६ अगष्ट २००६ (२१ साउन २०६३)

आज तपाईहरूसमक्ष आउनका लागि निम्तो दिनु भएकोमा नेपाल बार एसोसिएसन (एनबीए)लाई धन्यवाद दिंदै संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको तर्फबाट बोल्न चाहन्छु । तपाईहरूलाई यादै होला कि उच्चायुक्त लुइस आर्वरले सन् २००५ जनवरीमा भएको आफ्नो नेपाल भ्रमणको बेला देशमा दण्डहीनताको संस्कृतिविरुद्ध लड्ने एउटा कदमको रूपमा नेपालले जतिसक्दो चाँडो रोम विधानलाई अनुमोदन गर्नुपर्दछ भन्ने कुरामा जोड दिनुभएको थियो ।

नेपालले प्रशस्तै अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको अनुमोदन गरिसकेको हुनाले नेपालीहरू अन्तर्राष्ट्रिय फौजदारी अदालत (अफौअ)लाई अनुमोदन गरी यसको क्षेत्राधिकारअन्तर्गत आउन इच्छुक हुनेछन् र यो एउटा स्वाभाविक कदम हुनेछ । संसारका आधाभन्दा बढी देशले यसको अनुमोदन गरिसकेका छन् र अत्यन्त गम्भीर अपराधहरूको सम्बन्धमा न्याय सुनिश्चित गर्न नेपालले विश्वव्यापी प्रयत्नमा साथ दिई यस्ता अपराधहरू हुनबाट रोक्ने छ भन्ने सबैले अपेक्षा राखेका छन् ।

नेपालस्थित उच्चायुक्तको कार्यालयले सरकारलाई रोम विधान अनुमोदन गर्न निर्देशन दिने प्रतिनिधिसभाको साउन ८ गतेको प्रस्तावको स्वागत गरेको छ । निश्चय नै नेपालमा एनबीए र धेरै मानवअधिकार सङ्गठनहरूजस्ता व्यवसायी सङ्घसस्थाहरूले रोम विधानको अनुमोदनको पैरवीका लागि नेतृत्व गरेका छन् । तैपनि, वास्तवमा अनुमोदन भएको हेर्न र अनुमोदन भइसकेपछि अफौअबाट पूर्ण फाइदा उठाउन र तपाईको देशमा जवाफदेहीताका मुद्दाहरूलाई सम्बोधन गर्न यसको खाका लागु गर्न नेपाल सक्षम होस् भन्ने सुनिश्चित गर्न अन्य कदमहरू चाल्नका लागि धेरै कुरा गर्न बाँकी नै छ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालत भनेको के हो, यसको क्षेत्राधिकार कति हो र यसले राष्ट्रिय न्याय प्रणालीसँग कस्तो सम्बन्ध राख्दछ र कसरी यसले पूरकको काम गर्दछ भन्ने बुझ्नु महत्वपूर्ण हुन आउँछ ।

अफौअ स्थायी अन्तर्राष्ट्रिय फौजदारी अदालत हो । सन् १९९८ जुलाईमा १२० राष्ट्रले बहुपक्षीय सन्धि रोम विधान अनुमोदन गरेपछि यसको स्थापना भएको थियो । अफौअ दि हेगमा अवस्थित छ । दि हेगस्थित अन्य अन्तर्राष्ट्रिय अदालतहरूभन्दा यो फरक छ : प्रथमतः अन्तर्राष्ट्रिय न्यायालय (“विश्व अदालत”) जसले केवल राज्यहरूबीच भएका विवादसम्बन्धी न्याय निरूपण गर्दछ; दोस्रो, पूर्व युगोस्लाभियाका लागि अन्तर्राष्ट्रिय फौजदारी न्यायाधिकरण (आइसीटीवाई) जुन पूर्व युगोस्लाभियामा भएका अपराधहरूमाथि क्षेत्राधिकार भएको राष्ट्रसङ्घीय सुरक्षा परिषद्द्वारा स्थापना गरिएको एक तदर्थ न्यायाधिकरण हो ।

अफौअलाई तीन किसिमका अपराधमा व्यक्तिहरूविरुद्ध - राज्यविरुद्ध होइन् - मुद्दा चलाउन पाउने अधिकार छ : नरसंहार, मानवताविरुद्धको अपराध र युद्ध अपराध । अफौअले सन् २००२ जुलाईपछि भएका अपराधहरू वा सन् २००२ जुलाईपछि रोम विधानलाई अनुमोदन गर्ने राज्यहरूको सम्बन्धमा अनुमोदन गरेको मितिपछि कार्य गर्न सक्दछ ।

अफौअले यस्ता अपराधमाथि अनुसन्धान र मुद्दा चलाउन सक्छ : राज्यपक्षको भूमिमा भएका; राज्यपक्षको कुनै नागरिकले गरेका; अफौअको क्षेत्राधिकारको प्रयोगमा सहमति जनाई राज्यपक्ष नरहेको राज्यको भूमिमा वा सोका नागरिकद्वारा भएको; वा सुरक्षा परिषद्द्वारा उल्लेख गरिएका ।

वर्तमान नेपाली सन्दर्भमा अफौअको के महत्व छ ?

पहिलो कुरा, अफौअले राष्ट्रिय अदालतहरूलाई प्रतिस्थापन गर्ने उद्देश्य राखेको हुँदैन भन्ने बुझ्नु आवश्यक छ। अफौअको एक मुख्य सिद्धान्त पूरकता हो। यसको अर्थ हो - गम्भीर प्रकृतिका मुद्दाहरूको अनुसन्धान गर्ने र मुद्दा चलाउने प्राथमिक दायित्व राष्ट्रिय न्याय प्रणालीमा रहेको हुन्छ। यदि राज्य साँच्चै अनुसन्धान गर्न वा मुद्दा चलाउन "अनिच्छुक वा असमर्थ" छ भने अफौअले युद्ध अपराध, मानवताविरुद्धको अपराध वा नरसंहारका घटनाहरूमा मात्र मुद्दा चलाउन सक्छ (अफौअका न्यायाधीशहरूबाट निधो भएअनुसार)। यस सन्दर्भमा, "अनिच्छुक" भन्नाले, उदाहरणका लागि, आपराधिक दायित्वबाट सम्बन्धित व्यक्तिलाई बचाउने प्रयोजनका लागि राष्ट्रिय अदालतहरूमा कार्यविधिहरू अपनाइएमा; सम्बन्धित व्यक्तिलाई न्यायालयसमक्ष उपस्थित गराउने इच्छासँग नमिल्ने गरी कार्यविधिहरूमा अनुचित विलम्ब भएमा; वा कार्यविधिहरू निष्पक्ष वा स्वतन्त्रपूर्वक सञ्चालन नगरिएमा भन्ने बुझिन्छ। "असमर्थ" भन्नाले, उदाहरणको लागि, राष्ट्रिय न्याय प्रणाली नै पुरै ध्वस्त वा अप्राप्य भएमा; वा राष्ट्रिय न्याय प्रणाली आरोपित व्यक्तिहरूलाई पक्राउ गर्न वा आवश्यक प्रमाण जुटाउन असमर्थ भएमा भन्ने बुझिन्छ।

लामो द्वन्द्वबाट शान्तितर्फको सङ्क्रमणको नेपाली सन्दर्भमा अर्को महत्वपूर्ण कुरा के हो भने रोम विधान नेपालमा पश्चदर्शी हिसाबले लागु हुने छैन। यसको अर्थ यसै वर्षको अप्रिल महिनामा भएको जनआन्दोलन वा ११ वर्षे द्वन्द्वको अवधिमा भएका अपराधहरूको सम्बन्धमा अफौअले कार्य गर्न सक्दैन्। द्वन्द्वअवधिभरी भएका उल्लङ्घनहरूका लागि न्याय र जवाफदेहीताको नेपालीले खोजी गर्ने हुनाले आपराधिक अनुसन्धान र अभियोजन गर्ने कार्य नेपाल प्रहरी, सरकारी वकिल र अदालतहरूको हो। नेपालस्थित उच्चायुक्तको कार्यालयले विगतका अपराधहरूबारे हालसालै दर्ता गरिएका बढ्दो जाहेरी दरखास्तहरूको अध्ययन गरिरहेको छ। आरोपित पीडकहरू सुरक्षाफौजका सदस्य वा अन्य अधिकारीहरू भए पनि नेपाल प्रहरीले यस्ता घटनाबारे अनुसन्धान गर्नुपर्दछ। सरकारी वकिलहरूले यी अनुसन्धानमा नेपाल प्रहरीलाई सहयोग र निर्देशन दिनुपर्दछ। प्रतिरक्षा वकिलहरूले शङ्कास्पद वा आरोपित व्यक्तिहरूलाई उचित अन्तर्राष्ट्रिय प्रक्रियागत मापदण्डअनुसार व्यवहार होस् भन्ने कुराको सुनिश्चित गर्नुपर्दछ। अदालतहरूले निष्पक्ष पूर्पक्षका लागि चाहिने अन्तर्राष्ट्रिय आवश्यकताहरू अनुकूल हुने गरी कार्यविधिहरू स्वतन्त्र र निष्पक्षपूर्वक सञ्चालन गर्नुपर्दछ। अनुसन्धान र न्यायिक प्रक्रियाको अवधिभर शङ्कास्पद र आरोपित व्यक्तिहरूको निर्दोषिताको अनुमान एवं पीडित र प्रत्यक्षदर्शीहरूको सुरक्षालाई पूर्ण सम्मान गर्नुपर्दछ।

अझ बृहत् रूपमा भन्ने हो भने यी विगतका अपराधका सम्बन्धमा नेपालमा अभियोजनलाई "सङ्क्रमणकालीन न्याय" सुनिश्चित गर्ने सन्दर्भमा हेरिनु पर्दछ। यो यस्तो शब्द हो जुन द्वन्द्वबाट शान्तितर्फको सङ्क्रमणकालीन अवधिमा प्रवेश गर्दा विगतमा भएका व्यापक उल्लङ्घनहरूका लागि न्याय प्राप्त गर्न खोज्ने विश्वभरीका देशहरूमा विकसित भएको हो। प्रायः सङ्क्रमणकालीन न्यायले अभियोजनमात्र नभई यसमा विगतका बारे सत्य स्थापित गर्न, भत्केको सामाजिक संरचना तथा पीडितहरूलाई पूनःस्थापना गर्न र उल्लङ्घनका घटनाहरू पुनः हुनबाट रोक्नका लागि उपायहरू समावेश गरिएका हुन्छन्।

अन्त्य गर्नुभन्दा अगाडि, म कानुन व्यवसायका सदस्यहरूले रोम विधानको अनुमोदन प्राप्त गर्न, अनुमोदन पुरा भएपछि गम्भीर अपराधहरूमा मुद्दा चलाउन नेपालमा प्रभावकारी राष्ट्रिय प्रणाली र पद्धति सुनिश्चित गर्न र अफौअको क्षेत्राधिकारअन्तर्गत नपर्ने गम्भीर अपराधहरूका बारे जवाफदेहीताको मुद्दालाई सल्टाउन महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने केही महत्वपूर्ण क्षेत्रहरू उल्लेख गर्न चाहन्छु। वकिलहरू र एनबीएले रोम विधान अनुमोदन गर्नका लागि नेपाल सरकारलाई निरन्तर दबाब दिन आवाज उठाउन सक्छन्। वकिलहरूले रोम विधानको अध्ययन र विश्लेषण गरी कार्यान्वयनका लागि घरेलु कानुनका आवश्यकताहरू पहिचान गर्नुपर्छ, जसले गर्दा अनुमोदन साङ्केतिक कार्यमात्र हुँदैन। साथै, वकिलहरू रोम विधानको अनुमोदन सुरक्षाकर्मी र नेकपा-माओवादी दुवैका लामो द्वन्द्वको दौरान भएका दण्डहीनताको मुद्दालाई सच्याउन संयुक्त राष्ट्रिय प्रयासको एक अङ्ग होस् भन्ने सुनिश्चित गर्न नेतृत्व गर्ने महत्वपूर्ण स्थितिमा छन्। विशेषतः उनीहरूले :

- विगतका अपराधहरूको अनुसन्धान गर्न र मुद्दा चलाउने आफ्नो दायित्वबारे सरकारलाई निरन्तर अनुरोध गर्नुपर्दछ।
- जवाफदेहीता बढाउने व्यवस्थापकीय परिवर्तनहरूका लागि आह्वान गर्नुपर्दछ, उदाहरणका लागि, नेपाली सेनाका सुरक्षाकर्मीहरूलाई नागरिक अदालतहरूको क्षेत्राधिकारअन्तर्गत राखेर र यातनालाई अपराधिकरण गरेर।
- शान्ति प्रक्रियाको सन्दर्भमा गम्भीर मानवअधिकार उल्लङ्घनमा "व्यापक आम माफी" दिनु हुँदैन भन्ने कुराको सुनिश्चित गर्नुपर्दछ।
- सामान्यतया "सङ्क्रमणकालीन न्याय"का लागि सम्भाव्य उपाय तथा संयन्त्रहरूको खोजी गर्नुपर्दछ।

अन्त्यमा, म नेपाल बार एसोसिएसनलाई आज यो प्रयासका लागि फेरि पनि बधाई दिन चाहन्छु। नयाँ युगमा प्रवेश गर्दै गरेको नेपाली समाजको केन्द्रमा कानुनी शासनलाई स्थापना गर्नमा जवाफदेहीताको महत्वप्रति जागरण ल्याउनेतर्फ सार्वजनिक सम्बाद र बहस एउटा महत्वपूर्ण पहल हुनेछ। रोम विधान अनुमोदन गर्ने तथा अफौअको क्षेत्राधिकार स्वीकार गर्ने कार्य दिगो शान्ति, कानुनी शासन र जवाफदेहीताप्रतिको नेपाली प्रतिबद्धतालाई बलियो पार्ने कार्यमा साङ्केतिक र व्यवहारिक रूपले महत्वपूर्ण कदम हुनेछ।